# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, असार २७ गते २०५१ साल (पूर्वातिरिक्ताङ्क १५

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजका हजूरमा प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले संसदमा बहुमत प्राप्त नेपाली कांग्रेसको संसदीय दलको नेताको रूपमा विधिवत मेरो नेतृत्वमा गठन भएको सरकारको नीति र कार्यक्रमलाई अवाञ्छित राजनैतिक समिकरण-द्वारा विफल पार्ने अवस्था सिर्जना भएपछि अर्को स्थीर सरकार गठन हुनसक्ने संभावना देख्दिन त्यसैले मुलुकमा राजनैतिक अन्योल र दिशाहिनतालाई कायम राख्नु अथवा जनताको अभिमत विरूद्धको राजनीतिक समीकरणको भरमा सरकार चल्नु र चलाउनु भन्दा बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्ने उद्देश्यले जनतासमक्ष गई नयाँ जनादेश लिनु बाहेक अर्को बिकल्प छैन । अतः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम वर्तमान प्रतिनिधिसभा विघटन गरिबक्सन र प्रतिनि-धिसभाका लागि निर्वाचन हुने मिति २०५१ साल कार्तिक २७ गते आइतबारका दिन तोकिबक्सन मन्त्रिपरिषद्को निर्णय सहित २०५१ साल आषाढ २६ गते चढाउनु भएको शिफारिश बमोजिम मौसूफबाट २०५१ साल कार्तिक २७ गते आइतबारका दिन प्रतिनिधि सभाका लागि निर्वाचन गराउने गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम प्रतिनिधिसभा विघटन गरिबक्सेको छ ।

साथै मौसूफबाट प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभाको लागि हुने निर्वाचन स्वच्छ र निष्पक्ष रूपमा सफलतापूर्वक सम्पन्न गराउने आशा राखिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

६४३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

644

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।